जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २४० २०८३ साल बैशाख १६ गते बुधबार (29 Apr 2026 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : राष्ट्रिय पुस्तक नीतिको ... ३ पृष्ठमा : मेडिकल कलेज निर्माणको ... ३ पृष्ठमा : इरानको नयाँ शान्ति प्रस्तावमा ...

## शिक्षकहरुको जिल्लान्तर सरुवा आवश्यक : प्रतिनिधिसभा सदस्य चौधरी



**दैनिक समाचारदाता**
**राजविराज, १५ बैशाख ।**

प्रतिनीधीसभा सदस्य अमरकान्त चौधरीले शिक्षकहरुको जिल्लान्तर सरुवा नभएसम्म गुणस्तरीय शिक्षा प्रदान तथा शिक्षा क्षेत्रमा सुधार सम्भव नहुने बताएका छन ।

मंगलवार आफ्नो गृहपालिका डाक्नेश्वरी नगरपालिकाले उनको स्वागत तथा सम्मानमा आयोजना गरेको कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन ।

उनले यसबारे सदनमा कुरा उठाउने र छिट्टै यस्तो व्यवस्था लागु हुने विश्वास समेत व्यक्त गरेका छन ।

शिक्षा र स्वास्थ्य क्षेत्रको विकासका लागी आफुले विशेष खाका तयार पारेको भन्दै उनले आफ्नो खाकालाई वर्तमान सरकारले एक महिना भित्रै कार्यान्वयनमा ल्याउने विश्वास समेत ब्यक्त गरेका छन ।

केही दिन यता आफ्नो क्षेत्रका विद्यालय र स्वास्थ्य संस्थाहरुमा छड्के अनुगमण थालेका उनले कतिपय विद्यालय र स्वास्थ्य संस्थाहरुमा कर्मचारीहरु विहान ९ बजे नआउने तथा ढिलो आएकाले पनि ५ बजे सम्म वस्ने नगरेको पाइएको त कतै आवश्यक पुर्वाधारको निकै कमि देखिएको भन्दै त्यस्ता लापरवाही गर्ने कर्मचारीको नामावली संकलन गरी कारवाहीका लागी सम्बन्धित निकायमा पठाइने भन्दै सचेत समेत गराए ।

उनले नगरपालिकाका प्रमुख रामलखन मलाहलाई एनजिओ र आइएनजीओहरुमा टुक्रे बजेट तथा भत्ताका नाममा अनावश्यक खर्च नगरी शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिक्तामा राखी बजेट विनीयोजन गर्न सुझाव समेत दिए ।

कार्यक्रममा शुभकामना दिदै नगरप्रमख मलाहले गाउँ नै गाउँले भरिएको यस पालिकामा आवश्यक बजेटको अभावमा कृषि विद्युतीकरण कार्यलाई पुर्णता दिन नसकिएको तथा सबै वडामा बर्थिङ्ग सेन्टर निर्माण कार्य पनि गर्न नसकिएको भन्दै आवश्यक सहयोगका लागी संघिय सरकार समक्ष पहल गरिदिन प्रतिनीधीसभा सदस्य डा.चौधरी संग आग्रह गरेका थिए ।

कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत विजय मण्डल तथा पालिकाका विभिन्न शाखाका प्रमुखहरुले पनि शुभकामना दिएका थिए ।

## दुर्घटनामा एक जनाको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, १५ वैशाख ।**

सुनसरीको इटहरी उपमहानगरपालिका ५ मा सोमबारराति दुर्घटनामा परेर एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा भोक्राहा ६ का ३५ वर्षीय राजवीरेन उराउ रहेको सुनसरीका प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर खड्काले जानकारी दिएका छन् ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत इटहरी ५ कलङ्कीमा निर्माणाधीन 'डाइभर्सन'मा को२प ४५८९ नम्बरको स्कुटर आफैं अनियन्त्रित भइ ठोक्किँदा उराँव गम्भीर घाइते भएका थिए ।

उनलाई उपचारका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएकामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

## 'मधेसमा सञ्चार क्षमता अभिवृद्धि गर्नुपर्छ'



**दैनिक समाचारदाता**
**महोत्तरी, १५ वैशाख ।**

मधेस प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले प्रभावकारी सञ्चार प्रणाली र दक्ष जनशक्ति निर्माण बिना लोकतान्त्रिक शासन प्रणाली सुदृढ हुन नसक्ने बताएका छन् ।

महोत्तरीको बर्दिबासमा आमसञ्चार प्राधिकरण मधेस प्रदेशद्वारा मंगलबार आयोजित प्रशिक्षक प्रशिक्षण (टिओटी) कार्यक्रममा मन्त्री महतोले सूचना प्रवाहलाई व्यवस्थित, विश्वसनीय र जनउत्तरदायी बनाउनुपर्नेमा जोड दिए । उनले सञ्चार क्षेत्रको क्षमता अभिवृद्धि गरी गलत सूचना नियन्त्रण, सुशासन प्रवर्द्धन र नागरिक सशक्तिकरणमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।

मन्त्री महतोले प्रदेश सरकारले सञ्चार क्षेत्रको विकासलाई प्राथमिकतामा राखेको बताउँदै पत्रकार तथा सञ्चारकर्मीको पेसागत दक्षता अभिवृद्धिका लागि आवश्यक नीति, कार्यक्रम र सहयोग निरन्तर अघिबढाइने जानकारी दिए ।

कार्यक्रममा राष्ट्रिय समाचार समिति (रासस)का पूर्वअध्यक्ष धर्मेन्द्र झाले सञ्चार क्षेत्रको विश्वसनीयता कायम राख्न तथ्यमा आधारित समाचार सम्प्रेषण अनिवार्य रहेको बताए । उनले बदलिँदो सञ्चार प्रविधिसँगै

**_बाँकी अन्तिम पृष्ठमा_**

## कमला नदीको अस्थायी बाँध बाढीले बगाउँदा आवतजावतमासमस्या

सिरहा, १५ वैशाख (रासस) ।

सिरहा र धनुषा जिल्ला जोड्ने निर्माणाधीन कमला नदीमा बनाइएको अस्थायी बाँध गएराति बाढीले बगाउँदा आवतजावतमासमस्या भएको छ ।

पुलको 'डाइभर्सन' भन्दा करिब ३०० मिटर अगाडि बनाइएको माटोको बाँध बगाएपछि सवारी सञ्चालन अवरुद्ध भएको छ । स्थानीय रामचन्द्र यादवका अनुसार बाँध भत्किएपछि सयौँ सवारीसाधन बीचमै अलपत्र परेका थिए । पछि स्थानीयवासीको सहयोगमा ती सवारीसाधन तारिएको थियो ।

सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले लगातारको वर्षाले संरचनामा क्षति पुगेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "निर्माण व्यवसायीले तत्काल डोजर प्रयोग गरी माटो हालेर बाँध पुनर्निर्माण गरेको छ र आवतजावत आंशिक रूपमा सञ्चालन गर्ने प्रयास भइरहेको छ ।"

हुलाकी राजमार्गअन्तर्गत पर्ने उक्त कमला नदी पुल निर्माण भने लामो समयदेखि हुन सकेको छैन । २०६८ जेठमा पप्पु-लुम्बिनी जेभीसँग २४ करोड ९१ लाख रुपैयाँमा सो पुल निर्माणको ठेक्का सम्झौता गरिएको थियो । २०७१ मंसिरमै सम्पन्न हुनुपर्ने पुल हालसम्म पनि निर्माण हुन सकेको छैन ।

## लागुऔषधसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १५ बैशाख ।**

सप्तरी प्रहरीले लागुऔषधसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा जिल्लाको बलानविहुल गाउँपालिका ४ बेल्ही बस्ने २४

**_बाँकी अन्तिम पृष्ठमा_**

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं,
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
- सार्वजनिक स्थलका बोटबिरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समयसमयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# राष्ट्रिय पुस्तक नीतिको अपरिहार्यता

**महेन्द्रप्रकाश सिवाकोटी**

काठमाडौं, १५ वैशाख (रासस) ।

पुस्तक कुनै पनि राष्ट्रको बौद्धिक, शैक्षिक, सांस्कृतिक र सामाजिक विकासको आधार हो । ज्ञान, सूचना, अनुसन्धान, सिर्जना र सभ्यताको संरक्षणमा पुस्तकको महत्वपूर्ण भूमिका हुन्छ । नेपालमा पुस्तक क्षेत्र अझै व्यवस्थित हुन सकेको छैन । लेखकका हकअधिकार, प्रकाशनको गुणस्तर, वितरण प्रणाली, पुस्तकालयको अवस्था तथा पाठक विस्तारका क्षेत्रमा चुनौती छन् । पुस्तक क्षेत्रलाई व्यवस्थित, समृद्ध र प्रभावकारी बनाउन पुस्तक नीतिको आवश्यकता पर्दछ । पुस्तक नीतिले पुस्तक लेखन, प्रकाशन, वितरण, अध्ययन संस्कृतिको विकास तथा पुस्तकालय व्यवस्थापनका लागि राज्यले तय गर्ने स्पष्ट योजना र मार्गदर्शनलाई बुझाउँछ । नेपालजस्तो बहुभाषिक र बहुसांस्कृतिक देशमा नेपाली भाषासँगै मातृभाषाका पुस्तक प्रकाशनलाई प्रोत्साहन दिन पनि पुस्तक नीति आवश्यक छ । यसले भाषा, साहित्य र संस्कृतिको संरक्षण गर्नुको साथै लोपोन्मुख भाषा र संस्कृतिको संरक्षणमा योगदान पुऱ्याउँछ ।

हरेक वर्ष अप्रिल २३ मा मनाइने विश्व पुस्तक दिवसले पनि विश्वभर पुस्तकको महत्व उजागर गर्न, पढ्ने बानीको विकास गर्न र लेखक तथा साहित्यकारलाई सम्मान गर्न खोजेको छ । सन् १९९५ मा युनेस्कोले यो दिवसको घोषणा गरेसँगै विश्वमा पुस्तक ज्ञानको प्रमुख स्रोत हो, यसले सोच्ने क्षमता र सिर्जनशीलता बढाउँछ एवं संस्कार, शिक्षा र सभ्यताको विकासमा पुस्तकको ठूलो भूमिका हुन्छ भन्ने तथ्यलाई आत्मसात् गरेको छ । नयाँ पुस्तामा पठन संस्कृतिको विकास गर्न पुस्तक नीति आवश्यक छ । आजकल 'डिजिटल' माध्यमको विस्तारसँगै पुस्तक पढ्ने बानी घट्दै गएको चिन्ता छ ।

नेपालका लागि अत्यावश्यक राष्ट्रिय पुस्तक नीति बनाउने प्रक्रियाको सुरुआत २०६५ सालबाट भएको थियो तर विभिन्न अवरोध र चुनौतीको कारण त्यो समयमा काम अघि बढ्न सकेन । २०६९ सालमा पुनः राष्ट्रिय पुस्तक नीति मस्यौदा कार्यदल गठन गरेर यस विषयमा थप गम्भीरता अपनाइएको थियो । त्यो कार्यदलले राष्ट्रिय पुस्तक नीति २०६९ को मस्यौदा तयार गरी तत्कालीन शिक्षामन्त्रीलाई बुझाएको थियो, जसमा पुस्तकहरूको गुणस्तर, वितरण, पहुँच र अन्य महत्वपूर्ण पक्षहरूलाई ध्यानमा राखिएको थियो । यसले नेपालको शिक्षा क्षेत्रको सुधार र पुस्तक बजारको व्यवस्थित विकासका लागि एउटा मजबुत आधार तयार गर्न प्रयास गरिरहेको थियो । तर, उक्त नीति पनि विभिन्न कारणहरूले गर्दा जारी हुन सकेन ।

नीति बनाउनकै लागि, तेस्रो पटक, २०७२ फागुन ३० गते तत्कालीन शिक्षामन्त्रीको अध्यक्षतामा राष्ट्रिय पुस्तक नीति मस्यौदा तर्जुमा कार्यदल गठन गरियो । यो कार्यदलले काम गरिरहेको अवस्थामा पुस्तक माफियाहरूको कारण कार्यदललाई काम गर्न दिइएन । त्यसपछि, राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदा निर्माणका क्रममा पुस्तक तथा शिक्षा क्षेत्रका दर्जनौं सङ्घसंस्था, दुई सयभन्दा बढी शिक्षा क्षेत्रका बुद्धिजीवीहरूको संलग्नतामा नौ महिनाको गहन अध्ययन, सल्लाह र सुझाव लिएर पुस्तक नीति २०७३ को प्रारुप तयार गरिएको थियो । सो पुस्तक नीतिको प्रारुप तयार भएपछि, फेरि पनि देशैभरिबाट शिक्षा तथा पुस्तक क्षेत्रमा संलग्न व्यक्तित्वहरूबाट सुझाव मागिएको थियो र सो सुझावहरूलाई समेत उक्त दस्तावेजमा समावेश गरी राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदा तयार पारिएको थियो ।

झन्डै १० वर्षअघि राष्ट्रिय पुस्तक नीतिको मस्यौदा बने पनि त्यसलाई पारित गरी कार्यान्वयनमा ल्याउन नदिँदा अहिलेसम्म राज्यको महत्वपूर्ण क्षेत्र नीतिविहीन बन्न पुगेको छ । आजको डिजिटल युगमा पनि पुस्तकको महत्व उत्तिकै छ । त्यसैले नियमित रूपमा पुस्तक पढ्ने बानी बसाल्नु आवश्यक छ । विश्वका कतिपय देशहरूले डिजिटलको अलावा पुस्तकको माध्यमबाट अध्ययन अध्यापन गराउने अभ्यासलाई जोड दिन थालेका छन् । पुस्तकको महत्वलाई धेरै देशहरूमा नीतिगत व्यवस्था गरी लेखक, पाठक र प्रकाशकहरूको साझा भूमिकामा जोड दिइएको पाइन्छ ।

संयुक्त राष्ट्रसङ्घीय निकाय, युनेस्कोले सन् १९७२ मा विश्वका १९३ मुलुकमा राष्ट्रिय पुस्तक नीति लागू गर्दा नेपालमा पनि राष्ट्रिय पुस्तक नीति लागू गर्न खोजिएको थियो । पुस्तक नीतिका सन्दर्भमा, युनेस्कोले निर्देश गरेका ज्ञानको स्वतन्त्र र निर्बाध प्रवाहलगायत अवधारणाप्रति भने नेपालले औपचारिक सहमति जनाइसकेको अवस्था पनि छ तर, नेपालका शिक्षा क्षेत्रका माफियाहरूकै चलखेलले गर्दा हालसम्म उक्त पुस्तक नीति नेपालमा लागू गर्न सकिएको छैन । राष्ट्रिय पुस्तक नीतिले समग्र मुलुकको शिक्षा प्रणालीलाई सशक्त र संरचित बनाउने उद्देश्य राख्दछ । यदि यसलाई समयमै प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सकियो भने नेपालको पुस्तक बजार र शिक्षा प्रणालीमा अत्यन्त सकारात्मक सुधार ल्याउन सकिनेछ ।

राष्ट्रिय पुस्तक नीति जारी नगर्नु भनेको वास्तवमै देशको शैक्षिक, सांस्कृतिक र व्यावहारिक ज्ञान तथा आउँदा पुस्ताहरूको भविष्यमाथि गम्भीर प्रहार गर्नु हो । यस्तो कार्यले पुस्तक उद्योगलाई पूर्णतया नियन्त्रण गर्ने माफिया समूहको आर्थिक प्रभुत्व झन् बलियो बनाउनेछ, जसले शिक्षाको गुणस्तरमा गम्भीर गिरावट ल्याउने खतरा पैदा गर्दछ । वास्तवमा पुस्तक नीतिले शिक्षा क्षेत्रमा पारदर्शिता, पहुँच र गुणस्तर सुनिश्चित गर्दै स्थानीय प्रकाशन उद्योगलाई बलियो बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्नुपर्छ । शिक्षाको गुणस्तर, पाठ्यक्रम सामग्रीको उपलब्धता, र प्रकाशन उद्योगको दीर्घकालीन समृद्धि सुनिश्चित गर्न, राष्ट्रिय पुस्तक नीति २०७३ को निरन्तरता कायम राख्न र यसलाई अझ सशक्त बनाउन सबै पक्ष एकजुट हुन आवश्यक छ । यस नीतिको प्रभावकारी कार्यान्वयनले नेपालको शिक्षा प्रणालीलाई गुणस्तरीय र पहुँचयोग्य बनाउने नेपाल पुस्तक सङ्घको ठहर छ ।

मुलुकमा गुणस्तरीय शिक्षा विकास गर्न राष्ट्रिय पुस्तक नीति, रणनीति तथा कार्यनीति बन्न जरुरी हुन्छ । पुस्तकको गुणस्तर वृद्धिको सुनिश्चितता हासिल गर्न, पाठकका रुची र आवश्यकताअनुसारका पुस्तकहरूको उत्पादन, वितरण, भण्डारण तथा पठन संस्कृतिको विकास गर्न पनि नयाँ पुस्तक नीति बन्नु आवश्यक छ । पुस्तकको प्रवर्द्धनलाई व्यवस्थित र चुस्त बनाई, आयात तथा निर्यातलाई व्यवस्थित गर्न र यी सबै क्षेत्रमा आवश्यक व्यावसायिक दक्षता समेत हासिल गर्नका लागि नीतिले मार्गनिर्देश गर्न सक्दछ । खासगरी नयाँ पुस्तामा सामाजिक सञ्जालप्रतिको बढ्दो आकर्षणले गर्दा पुस्तक पठन संस्कृति हराउँदै जान थालेको छ । पुस्तक, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक र विविध पुस्तकहरूलाई परिभाषित गरी मुद्रित, साङ्केतिक, प्रयोगात्मक, डिजिटल वा अनलाइन पुस्तक निर्माणको आधार, लेखक र सम्पादकको योग्यता, पुस्तकको प्राज्ञिक तथा भौतिक गुणस्तरलगायत विषयलाई पनि ध्यान दिनुपर्ने समय आएको छ ।

नेपालको विद्यालयमा शिक्षाको गुणस्तर गिराउने, पुस्तक बजारलाई अस्तव्यस्त बनाउने र राष्ट्रिय ढुकुटी के-कसरी ब्रह्मलुट गर्न सकिन्छ भन्ने योजनाकार तथा माफियाहरूको गतिविधि गम्भीर चिन्ताको विषय बनिसकेको छ । कसैले थाहा नै नपाउने गरी विस्तारै बहुपाठ्यपुस्तक लागू गर्ने अनि सरकारी विद्यालयका पाठ्यपुस्तकहरू समेत अभिभावकहरूलाई खरिद गर्न लगाउने र जनक शिक्षा सामग्री जस्ता संस्थालाई सदाका लागि बन्द गराउन खोज्नुले कसैलाई फाइदा पुग्दैन । शिक्षा क्षेत्रको गिरावट र पुस्तक बजारको अस्तव्यस्तता कुनै पनि राष्ट्रको भविष्यमा दीर्घकालीन प्रभाव पार्न सक्छ । यसका कारण, शिक्षामा गुणस्तरको कमी मात्र होइन, जनताको अधिकारको पनि उल्लङ्घन हो । राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदामा पनि केही परिमार्जनहरू गर्न सकिन्छ । पुस्तक नीति केवल प्रकाशन क्षेत्रको नीति होइन, यो राष्ट्रको ज्ञान, चेतना र सभ्यताको भविष्यसँग जोडिएको विषय भएकाले समृद्ध समाज निर्माणका लागि प्रभावकारी पुस्तक नीति अपरिहार्य छ ।

नेपालका आम जनतालाई शिक्षामा गुणस्तरीयता र पुस्तकको पहुँच सुनिश्चित गर्ने उद्देश्य अनुसार जनताका हक र अधिकारहरूको रक्षा गर्दै, नेपालको पुस्तक बजारलाई व्यवस्थित र पारदर्शी बनाउने मार्गप्रशस्त गर्नुपर्ने समय आएको छ । वर्तमान समयमा ई-बुक, अडियोबुक तथा डिजिटल पुस्तकालयको महत्व बढ्दो छ । अनलाइन प्रकाशन र डिजिटल पुस्तकको व्यवस्थापन गर्ने गरी नीति बन्नु आजको मुख्य आवश्यकता हो ।

(लेखक नेपाल पुस्तक सङ्घका महासचिव तथा राष्ट्रिय पुस्तक नीति मस्यौदा तर्जुमा कार्यदल सदस्य हुनुहुन्छ)

# 'नेपालको वर्तमान आर्थिक स्थितिपत्र २०८३' सार्वजनिक

काठमाडौं, १५ वैशाख (रासस) ।

मुलुकको वर्तमान समग्र आर्थिक, सामाजिक र शासकीय अवस्थाको मूल्याङ्कनसहित सरकारले सोमबार 'नेपालको वर्तमान आर्थिक स्थितिपत्र-२०८३' सार्वजनिक गरेको छ ।

नयाँ सरकार गठनपछि अर्थ मन्त्रालयको जिम्मेवारी सम्हाल्ने बित्तिकै अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सो दस्तावेज तयार पार्ने निर्णय गर्नुभएको थियो । मन्त्रालयका अनुसार यो स्थितिपत्रले मुलुकको वर्तमान आर्थिक अवस्थाको वस्तुनिष्ठ चित्र प्रस्तुत गर्नुका साथै आगामी नीति, योजना र बजेट निर्माणका लागि मार्गदर्शन गर्ने उद्देश्य राखेको छ ।

सरकारले सार्वजनिक गरेको स्थितिपत्रलाई आगामी आर्थिक दिशा तय गर्ने आधार दस्तावेजका रूपमा हेरिएको छ । पछिल्ला वर्षहरूमा सुस्त आर्थिक वृद्धि, घट्दो निजी लगानी, बेरोजगारी, बढ्दो आयात निर्भरता, कमजोर कार्यान्वयन क्षमता र वित्तीय स्रोतको सीमितता जस्ता चुनौतीबीच दस्तावेज सार्वजनिक भएको हो ।

स्थितिपत्रले नेपालको अर्थतन्त्र अहिले अनेक चुनौतीबाट घेरिएको स्वीकार गरे पनि रूपान्तरणका लागि बहुआयामिक अवसरहरू प्रशस्त रहेको निष्कर्ष निकालेको छ । दस्तावेजमा स्थिर सरकार, सुशासन र लगानीमैत्री नीतिगत वातावरण निर्माण गर्न सके निजी क्षेत्रको विश्वास पुनःस्थापित हुने र स्वदेशी तथा विदेशी लगानी बढ्ने उल्लेख गरिएको छ । यसबाट उत्पादनमूलक क्षेत्र विस्तार, रोजगारी सिर्जना र आर्थिक गतिविधि तीव्र हुने अपेक्षा गरिएको छ ।

अर्को ठूलो सम्भावनाका रूपमा जलविद्युत् क्षेत्रलाई प्रस्तुत गरिएको छ । नेपालसँग विशाल जलस्रोत रहेकाले सस्तो र भरपर्दो ऊर्जा उत्पादनमार्फत औद्योगिकीकरण, सेवा क्षेत्र विस्तार तथा विद्युत् निर्यातबाट स्थिर वैदेशिक आम्दानी प्राप्त गर्न सकिने स्थितिपत्रमा उल्लेख छ । क्षेत्रीय विद्युत् व्यापार विस्तारले हरित ऊर्जा बजारमा नेपालको भूमिका अझ बलियो बन्ने जनाइएको छ ।

सरकारले प्राकृतिक, धार्मिक, सांस्कृतिक र हिमाली सम्पदा नेपालको अर्को बलियो आर्थिक आधार भएको औँल्याएको छ । हिमाल, संस्कृति, समुदायमा आधारित पर्यटनको एकीकृत विकासमार्फत ग्रामीण क्षेत्रमा आय र रोजगारी सिर्जना गर्न सकिने स्थितिपत्रमा उल्लेख छ । पर्यटन पूर्वाधार, सेवा गुणस्तर, आवागमन सहजता र गन्तव्य व्यवस्थापन सुधार गर्न सके अन्तरराष्ट्रिय प्रतिस्पर्धात्मकता बढ्ने स्थितिपत्रको निष्कर्ष छ ।

त्यसैगरी यो दस्तावेजमा कृत्रिम बौद्धिकता, रोबोटिक्स, सूचना प्रविधि सेवा, बिजनेस प्रोसेस आउटसोर्सिङ तथा डिजिटल उद्यमशीलतालाई आगामी दशकको प्रमुख अवसरका रूपमा राखिएको छ । न्यून पुँजीमा उच्च मूल्य सिर्जना गर्ने यस्ता क्षेत्रले नेपाली युवा शक्तिलाई विश्व बजारसँग जोड्न सक्ने सम्भावना औँल्याइएको छ ।

स्थितिपत्रले कृषि क्षेत्रको आधुनिकीकरणमार्फत उत्पादन, आय र निर्यात बढाउन सकिने स्पष्ट पारेको छ । उच्च मूल्यका बाली, पशुपालन, बगैँचा विकास तथा कृषि प्रशोधन उद्योगमा लगानी बढाएर आयात प्रतिस्थापन सम्भव रहेको उल्लेख गरिएको छ ।

त्यस्तै औद्योगिक विकास, आपूर्ति शृङ्खला सुदृढीकरण, विशेष आर्थिक क्षेत्र (सेज), औद्योगिक क्लस्टर तथा व्यापार सहजीकरणलाई निर्यातमुखी अर्थतन्त्र निर्माणका प्रमुख साधन भनिएको छ । भौगोलिक अवस्थाको लाभ उठाउँदै नेपाललाई क्षेत्रीय 'ट्रान्जिट ट्रेड हब' बनाउने सम्भावना पनि स्थितिपत्रले औँल्याएको छ ।

सरकारले यातायात, ऊर्जा, सिँचाइ र डिजिटल पूर्वाधारमा तीव्र लगानी बढाउनुपर्ने निष्कर्ष निकालेको छ । सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडेलबाट ठूला आयोजना अघि बढाउने सम्भावना रहेको दस्तावेजमा उल्लेख छ ।

त्यसैगरी वार्षिक रूपमा ठूलो रकम भित्र्याउने विप्रेषण (रेमिट्यान्स) लाई उपभोगमा मात्र सीमित नराखी उद्यमशीलता, सीप विकास र उत्पादन क्षेत्रमा जोड्नुपर्नेमा जोड दिइएको छ । वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको अनुभव र सीपलाई घरेलु उत्पादनमा उपयोग गर्ने नीति आवश्यक रहेको बताइएको छ ।

वित्तीय क्षेत्रतर्फ वित्तीय समावेशीकरण, डिजिटल बैंकिङ, दीर्घकालीन लगानी उपकरण विस्तार गरी बचतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नुपर्ने सिफारिस गरिएको छ ।स्थितिपत्रमा मुलुकभित्र उपलब्ध खनिज, जल, जमिन, जङ्गल र जडीबुटीको दिगो उपयोगबाट आय, उत्पादन र रोजगारी बढाउन सकिने उल्लेख छ । जैविक तथा पर्यावरणीय सन्तुलन कायम राख्दै स्रोत उपयोग गर्ने नीति अवलम्बन गर्नुपर्नेमा जोड दिइएको छ ।

अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षदेखि औसत सात प्रतिशत आर्थिक वृद्धि हासिल गर्न सकिने स्थितिपत्रमा सार्वजनिक गरिएको छ । पाँचदेखि सात वर्षभित्र प्रतिव्यक्ति आय तीन हजार अमेरिकी डलर नाघ्ने र अर्थतन्त्रको आकार एक सय अर्ब अमेरिकी डलर नजिक पुऱ्याउने राखिएको छ । यसका लागि पाँच वर्षभित्र १५ हजार मेगावाट विद्युत् उत्पादन क्षमता पुऱ्याउने, राष्ट्रिय गौरवका आयोजना दुई वर्षभित्र सम्पन्न गर्ने, कृषि-उद्योग-पर्यटनबीच अन्तरसम्बन्ध बलियो बनाउने, गुणस्तरीय पर्यटन पूर्वाधार निर्माण गर्ने तथा डिजिटल अर्थतन्त्र विस्तार गर्ने आधारहरू प्रस्तुत गरिएको छ ।

कतिपय आर्थिक नीतिले अपेक्षित नतिजा नदिनुको कारण कमजोर कार्यान्वयन क्षमता, सीमित वित्तीय स्रोत, प्राथमिकता निर्धारणमा कमजोरी तथा स्रोतको कुशल विनियोजन हुन नसक्नु रहेको पनि स्थितिपत्रमा उल्लेख छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# मेडिकल कलेज निर्माणको एक दशकको सपना पूरा हुने आश

महोत्तरी, १५ वैशाख (रासस)।
मधेसको बर्दिवासमा मेडिकल कलेज बन्ने करिब एक दशकको सपना साकार हुने आश जागेको छ। आर्थिक वर्ष २०७४/७५ मा सङ्घीय सरकारको बजेटमा सम्बोधन गरिएपछि सँगालिएको बर्दिवास मेडिकल कलेज निर्माणको सपना करिब एक दशकपछि आशलाग्दो गरी गति लिएपछि नगरक्षेत्रमा उत्साह बढेको हो।

"प्रक्रियाले अन्तिम रूप लिएको छ", बर्दिवास नगरप्रमुख प्रह्लादकुमार क्षेत्रीले भन्नुभयो, "योसँगै यहाँ मेडिकल कलेज बन्ने सपना पूरा हुने भयो।" कलेज निर्माणका लागि प्रस्तावित बर्दिवास-४ माईस्थान वनक्षेत्रको ५४ दशमलव ५८४ हेक्टर जग्गाको सट्टा भर्ना रकम वन विकास कोषमा जम्मा गर्न डिभिजन वन कार्यालय महोत्तरीले लागत अनुमान रकम यकीन गरेर वन तथा भू-संरक्षण विभागमा पत्राचार गरेसँगै प्रक्रिया निर्णायक तहमा पुगेको उहाँको भनाइ छ।

आव २०७४/७५ मा सङ्घीय सरकारले मुलुकका सबै प्रदेशमा एक/एक मेडिकल कलेज निर्माणको अवधारणा ल्याएसँगै मधेसको बर्दिवास मेडिकल कलेजका लागि बजेटमा विनियोजन भएको थियो। लगत्तै २०७५ वैशाखमा तत्कालीन उपप्रधानमन्त्री ईश्वर पोखरेलले बर्दिवास-१ मा मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना कार्यालयको उद्घाटन गरेसँगै संस्थागत प्रयत्नको थालनी भएको हो।

यसअघि सङ्घीय सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जग्गा यकीन गर्न गठन गरेको कार्यदलले बर्दिवास-४ माइस्थानको अटावे खोल्सी पूर्व, भब्सी खोला पश्चिम, पूर्वपश्चिम महेन्द्र राजमार्ग उत्तर र माइस्थान-बर्दिवास सडकदेखि दक्षिणको ५४ दशमलव ५८४ हेक्टर वन क्षेत्रको जग्गा कलेज निर्माणका लागि उपयुक्त हुने प्रतिवेदन विसं २०७४ मा दिएको थियो।

आयोजना कार्यालय सञ्चालन भएलगत्तै सो प्रस्तावित जग्गा कलेजलाई दिन नहुने भन्दै सर्वोच्च अदालतमा मुद्दा दर्ता भएपछि प्रक्रिया अल्झिएको थियो। सर्वोच्च अदालतले विसं २०८० जेठ २९ गते कलेज निर्माणका लागि प्रस्तावित स्थलका काटिने रुख एक हजार ९६७ को १० गुणा बढी अर्थात् १९ हजार ६७० नयाँ बिरुवा रोपेर ती सरेको प्रमाणित भएपछि आयोजनाको काम अघि बढ्नसक्ने आदेश गरेपछि थप प्रक्रियाले गति लिएको नगरप्रमुख क्षेत्रीले बताउनुभयो।

"अदालतको आदेशलगत्तै २०८० सालको असारमा बर्दिवास-५ को टुटेश्वरस्थित माण्डवीगङ्गा (मडहा) र सोनामती (सोनी) नदी किनारमा २३ हजार बिरुवा रोपिएको वृक्षरोपण क्षेत्र विभागका उच्च अधिकृतको गत चैत अन्तिम साताको स्थलगत अनुगमनमा बिरुवा सरेको र चारैतिर काँडेतार घेराबेरा गरेर सुरक्षा गरेको पाइएपछि जग्गा सट्टाभर्नाको लागत अनुमान गरी पठाउन डिभिजन वन कार्यालय महोत्तरीलाई पत्राचार गर्‍यो", उहाँले भन्नुभयो।

अहिले सो लागत अनुमान प्रतिवेदन विभागमा पुगेपछि थप प्रक्रिया अघि बढ्ने क्रममा रहेको आयोजना कार्यालयका निर्देशक निर्मल घिमिरेले बताउनुभयो। "वन विकास कोषमा जम्मा गरिनुपर्ने रकमको यकीन भएको छ। विभागले हामीलाई कोषमा रकम जम्मा गर्न भनेपछि प्रक्रियामा अघि बढाएका छौँ", उहाँले भन्नुभयो, "कोषमा रकम राख्ने प्रक्रियासँगै जग्गा प्राप्ति र रुख कटानको अनुमति सँगसँगै बढ्छ, प्रक्रिया अहिलेकै गतिमा काम भए यी काम चालु आवभित्र सम्पन्न हुनेछन्।"

आयोजनाले रु २६ करोड ४६ लाख नौ हजार ५२५ वन विकास कोषमा जम्मा गर्नुपर्ने लागत अनुमान प्रतिवेदनको ठहर भएको घिमिरेले जानकारी दिनुभयो। लागत अनुमान प्रतिवेदनमा वन क्षेत्र प्रयोगको स्वीकृतिबापत ५४ दशमलव ५८४ हेक्टर क्षेत्रको सट्टा भर्नास्वरूप रु १९ करोड १० लाख ४४ हजार निर्धारण गरिएको छ।

यसैगरी सट्टा भर्ना गरिएको जग्गामा वृक्षरोपण गर्न छ करोड ४२ हजार ४०० र हटाइने रूख तथा पोलको सट्टामा वृक्षरोपण गर्न रु एक करोड ३५ लाख २३ हजार १२५ खर्च हुने अनुमान छ। यी तीनै शीर्षकको जम्मा रकम रु २६ करोड ४६ लाख नौ हजार ५२५ तोकिएको घिमिरेले स्पष्ट पार्नुभयो।

आयोजना कार्यालय विसं २०७५ मा स्थापना गरिए पनि कलेज बन्न प्रस्तावित जग्गाको स्वीकृति डिभिजन वन कार्यालय महोत्तरी र मधेस प्रदेश सरकारले केही महिना पहिलेमात्र दिएका हुन्। कलेजको जग्गाप्राप्तिका निर्णायक प्रक्रिया चालु आव २०८२/८३ मा हुनुले बर्दिवास नगरवासी अब भने काम अघि बढ्ने विश्वासमा छन्।

"अब जग्गाप्राप्तिको प्रक्रिया अन्तिम चरणमा पुगेछ, यसपालि भरै कामले गति लियो", बर्दिवास उद्योग वाणिज्य सङ्घका महासचिव केदार गौतमले भन्नुभयो, "यो कलेज निर्माणले बर्दिवासलाई मधेसकै शैक्षिक केन्द्र बनाइने स्थानीय प्रतिबद्धतामा ठूलो सफलता मिल्ने छ।"

यसैगरी बर्दिवास-४ का वडाध्यक्ष अक्कलबहादुर तामाङले आफ्नो ठाउँमा कलेज निर्माणको प्रक्रियाले गति लिएसँगै स्थानीय बासिन्दामा अब विभिन्न क्षेत्रका पूर्वाधार विकास र सहर विस्तार हुने आश बढेको बताउनुभयो।

बर्दिवास मेडिकल कलेजका दुई वटा भवन बन्ने विस्तृत परियोजना प्रस्ताव (डिपिआर)मा उल्लेख छ। निर्माण हुने दुई भवनमा ६०० र ४०० शचया हुनेछन्। दुवै भवनमा गरी एक हजार शचयाको अस्पताल, यस अतिरिक्त मेडिकल कलेज भवन, प्रशासनिक कक्ष, प्राध्यापक तथा कर्मचारी आवास, छात्राबास र कुरुवा घरलगायत भौतिक संरचना निर्माण गरिने प्रस्तावमा उल्लेख छन्। यो विस्तृत परियोजना प्रस्ताव शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्वीकृत गरिसकेको निर्देशक घिमिरेले जानकारी दिनुभयो।

कलेज निर्माणका लागि प्रक्रियाले गति लिएपछि बर्दिवासका बासिन्दा उत्साही बनेका छन्। कलेज निर्माणले आफ्नो ठाउँ मधेस प्रदेशकै चिकित्सा शिक्षाको केन्द्र बन्ने बताउँछन्। बर्दिवास चिकित्सा क्षेत्रमा मधेसको मुख्य अध्ययन केन्द्र बन्ने यहाँका बासिन्दाले आस सँगालेका छन्।

# हुलाकबाट घरमै राहदानी वितरण चौध जिल्लामा सुरु, साढे दुई लाख सवारी 'लाइसेन्स' ढुवानी

काठमाडौँ, १५ वैशाख (रासस)।
सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले हुलाक सेवा विभागमार्फत पहिलो चरणमा राहदानी र सवारीचालक अनुमतिपत्र (लाइसेन्स) वितरणमा उल्लेखनीय प्रगति देखिएको छ। हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पँगेनीका अनुसार पछिल्लो एक महिनामा सेवा प्रवाहलाई नागरिकसम्म पुर्‍याउने दिशामा ठोस उपलब्धि हासिल भएका छन्।

सरकारले सुरु गरेको घरदैलोमै राहदानी वितरण सेवा हाल १४ जिल्लाबाट सुरु गरिएको छ र मङ्गलबारसम्ममा ३११ वटा राहदानी सम्बन्धित सेवाग्राहीको घरमै पुगेर वितरण गरिएको विभागले जनाएको छ। गुल्मी, डडेलधुरा, झापा, सिन्धुपाल्चोक, कालीकोट, मकवानपुर, बझाङ, कास्की, मोरङ, धनकुटा र बैतडीमा सम्झौता गरी सेवा विस्तार गरिएको छ भने अन्य जिल्लामा जिल्ला प्रशासन कार्यालयबाट राहदानी प्राप्त भएपछि वितरण गर्ने प्रक्रिया अघि बढाइएको महानिर्देशक भट्टराईले जानकारी दिनुभयो।

त्यस्तै, अहिले सबै जिल्ला प्रशासन कार्यालयहरूले राहदानी बनाउन आउने सेवाग्राहीसँग ठेगाना सङ्कलन सुरु गरिसकेका छन्। जसले सेवा वितरणलाई अझ व्यवस्थित बनाउने विश्वास गरिएको छ। यसैगरी, सवारीचालक अनुमतिपत्र वितरणतर्फ पनि उल्लेखनीय प्रगति भएको छ। वैशाख १५ गते अपराह्न ३:०० बजेसम्म दुई लाख ५६ हजार १२६ वटा लाइसेन्स सम्बन्धित जिल्लाका यातायात कार्यालयमा पठाइसकिएको छ।

मोरङ र कास्कीबाट यातायात कार्यालयसँग समन्वय गरी लाइसेन्स घरमै पुर्‍याउने कार्य सुरु गरिएको छ। सरकारको गत चैत १३ गते सार्वजनिक गरिएको शासकीय सुधारसम्बन्धी १०० दिने कार्यसूचीअन्तर्गत हुलाक सेवालाई आधुनिकीकरण गरी सरकारी 'कुरियर' सेवाका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ। जसअन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबीच समन्वय भइरहेको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले कार्यान्वयनलाई प्रभावकारी बनाउन सम्बन्धित निकायहरूलाई सहकार्य र समस्या समाधानमा सक्रिय रहन निर्देशन दिनुभएको छ।

त्यस्तै, हुलाक सेवा विभागले अन्य विभिन्न क्षेत्रका सेवा सुधारमा पनि उल्लेखनीय प्रगति हासिल गरेको छ। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँग प्रयोगशाला नमुना ढुवानीसम्बन्धी पूरक सम्झौता अन्तिम चरणमा पुगेको छ भने नेपाल टेलिकमसँग सिमकार्ड घरदैलोमा पुर् याउने विषयमा प्राविधिक तयारी सुरु गरिएको छ।

त्रिभुवन विश्वविद्यालयसँग प्रमाणपत्र ढुवानीका लागि दोस्रो चरणको छलफल सम्पन्न भएको छ भने मध्यपश्चिम विश्वविद्यालयसँग प्रश्नपत्र, उत्तरपुस्तिका तथा प्रमाणपत्र ढुवानी कार्य सुरु गरिएको छ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलस्थित वैदेशिक हुलाक भन्सार शाखा कार्यालय बिदाको दिन सञ्चालनमा ल्याइएको छ भने हुलाक वस्तु ढुवानीलाई सहजीकरण गर्न एक्सप्रेस वे सेवा पनि सञ्चालनमा ल्याइएको छ। साथै, डाँक रेखा पुनरावलोकन गरी समयसापेक्ष बनाउने मस्यौदा तयार भई स्वीकृतिको अन्तिम चरणमा पुगेको छ र राहदानी विभागसँग प्रणाली अन्तर आबद्धताका लागि अध्ययन समिति गठन भई प्रारम्भिक प्रतिवेदन पेस गरिएको छ।

महालेखा नियन्त्रक कार्यालयसँग प्रणाली एकीकरणका लागि पनि आवश्यक पहल अघि बढाइएको महानिर्देशक भट्टराईले राससलाई जानकारी दिनुभयो। भौगोलिक विविधता, ठेगाना प्रणालीको अभाव, जनशक्ति व्यवस्थापन तथा दुर्गम क्षेत्रमा यातायात पहुँचजस्ता चुनौतीहरू रहे पनि सरकारले चरणबद्ध रूपमा समाधान गर्दै सेवा विस्तार गर्ने नीति लिएको छ।

त्यस्तै, सेवा शुल्कलाई व्यवस्थित र एकरूप बनाउने काम पनि भइरहेको छ। यो व्यवस्था लागू भएसँगै सेवाग्राहीले सदरमुकाम धाउनुपर्ने, लामो लाइन बस्नुपर्ने, बिचौलियामा निर्भर हुनुपर्ने तथा पटक-पटक कार्यालय धाउनुपर्ने बाध्यता क्रमशः हट्दै गएको छ। राज्य स्वयं नागरिकको घरदैलोमा पुगेर सेवा दिने अभ्यासले नागरिकमैत्री शासन सुदृढ बनाएको छ भने अर्कोतर्फ लामो समयदेखि निष्क्रियजस्तो देखिएको हुलाक सेवा आधुनिक, प्रभावकारी र विश्वसनीय सेवा प्रणालीमा रूपान्तरण भएको छ।

## विश्व समाचार

### इरानको नयाँ शान्ति प्रस्तावमा अमेरिकी राष्ट्रपति ट्रम्प असन्तुष्ट : रिपोर्ट

वासिङ्टन, १५ वैशाख (रासस/सिन्ह्वा)।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प इरानको पछिल्लो शान्ति प्रस्तावमा असन्तुष्ट रहेको अमेरिकी मिडियाले रिपोर्ट गरेका छन्। प्रस्तावले होर्मुज खोल्ने र इरानको बन्दरगाहहरूमा अमेरिकी सैन्य नाकाबन्दी अन्त्ये गर्ने प्रयासलाई प्राथमिकतामा राखी आणविक विषयलाई समावेश नगरेको ह्वाइट हाउस अधिकारीलाई उद्धृत मिडियाले रिपोर्ट गरेका छन्।

राष्ट्रपति ट्रम्पले सोमबार ह्वाइट हाउसमा भएको बैठकमा आफ्ना शीर्ष अधिकारीहरूसँग इरानको प्रस्तावबारे छलफल गरेको जनाइएको छ। ट्रम्पले इरानको प्रस्ताव स्वीकार गर्ने सम्भावना नरहेको बैठकका सहभागीहरुलाई उद्दृत गर्दै सिएनएनले जनाएको छ।

अधिकारीलाई उद्दृत गर्दै द न्यूयोर्क टाइम्सले इरानी प्रस्ताव जस्ताको तेस्तै स्वीकार गर्दा ट्रम्पले बारम्बार भन्दै आएको इरानले आणविक हतियार राख्न नहुने विषय ओझेलमा पर्ने जनाएको छ। फक्स न्यूजसँगको अन्तर्वार्तामा, अमेरिकी विदेश मन्त्री मार्को रुबियोले इरानको नयाँ प्रस्ताव समग्रमा राम्रै रहेता पनि तेहरानलाई आणविक हतियार विकास गर्नबाट रोक्नुपर्ने कुरामा जोड दिनु भएको छ।

यस अघि ट्रम्पले इरानसँगको कुनै पनि शान्ति सम्झौता तोकिएको समयमा हुने कुरामा जोड दिँदै इरानसँगको युद्ध समाप्त गर्न युद्धविराम वा वार्तामा कुनै किसिमको दबाब नरहेको बताउनु भएको थियो।

### सन् २०३० सम्ममा २५ हजार महिला शिक्षक तथा स्वास्थ्यकर्मी गुमाउदै अफगानिस्तान : राष्ट्रसंघ

काबुल, १५वैशाख (रासस/सिन्ह्वा)।
पछिल्लो समयमा अफगानिस्तानले सार्वजनिक सेवामा महिलाको गम्भीर र बढ्दो अभावको सामना गरिरहेको जनाइएको छ। बालिका तथा केटीहरूको शिक्षा र महिलाको रोजगारीमा प्रतिबन्धका कारण सन् २०३० सम्ममा २५ हजार भन्दा बढी महिला शिक्षक र स्वास्थ्य कार्यकर्ता गुमाउने संयुक्त राष्ट्रसङ्घीय एजेन्सी युनिसेफले चेतावनी दिएको छ।

युनिसेफले अफगानीस्तानको पछिल्लो परिस्थितिलाई दोहोरो सङ्कटको रूपमा वर्णन गर्दै महिलाहरूलाई उच्च शिक्षामा बहिष्कारको विरुद्धमा कार्य गर्दै उनीहरूलाई शैक्षिक पहुँच बिहिन हुनुबाट रोकेको जनाएको छ।

प्रतिवेदनका अनुसार चालु दशकको अन्त्य सम्ममा देशले २० हजार महिला शिक्षक र पाँच हजार चार सय स्वास्थ्यकर्मी गुमाउन सक्ने अनुमान गरिएको छ।

सन् २०२१ सेप्टेम्बरबाट अफगान सरकारले बालिकाहरूलाई माध्यमिक शिक्षामा प्रतिबन्ध लगाए पछि, १० लाख भन्दा बढी बालिकाहरु आफ्नो सिकाइ अधिकारबाट वञ्चित भएको युनिसेफले जनाएको छ। यदि यो प्रतिबन्ध सन् २०३० सम्म कायम रह्यो भने २० लाख भन्दा बढी बालिका प्राथमिक तहकै विद्यालय पहुँच भन्दा बाहिर रहने चेतावनी युनिसेफले जनाएको छ।

अफगानिस्तानमा केटीहरूलाई हाल कक्षा-छ भन्दा माथिको शिक्षाको लागि प्रतिबन्ध लगाइएको भने महिलाहरूलाई अर्को सूचना नआए सम्म विश्वविद्यालयहरूमा उपस्थित हुन निषेध गरिएको छ।

प्रतिवेदनले अफगान सरकारलाई केटीहरूको माध्यमिक शिक्षामा लगाइएको प्रतिबन्ध तुरुन्तै हटाउन आग्रह गरेको छ, भने अन्तर्राष्ट्रिय समुदायलाई अफगान बालिकाहरूको शिक्षाको मौलिक अधिकारको सरक्षणमा सहयोग गर्न आह्वान गरेको छ।

### युद्धविरामको बावजुद लेबनानमा इजरायली आक्रमण जारी

बेरुत, १५वैशाख (रासस/क्युएनए)।
इजरायली सेनाले अप्रिल- १६ देखि सुरु भएको युद्धविराम उल्लङ्घन गर्दै मङ्गलबार पनि दक्षिणी लेबनानमा आक्रमण जारी राखेको छ।

लेबनानको राष्ट्रिय समाचार एजेन्सीले इजरायली लडाकु विमानहरूले नबातीह जिल्लाको जाव्तार अल-शार्कियाह सहरमा तीन वटा हवाई आक्रमण गरेको रिपोर्ट गरेको छ। यसै बीच दक्षिणी लेबनानको बिन्ट जेबिल जिल्लाको ह्यारिस सहरमा इजरायली हवाई आक्रमण पछि धेरै मानिसहरू बेपत्ता भएको जनाइएको छ।

इजरायली लडाकु विमानहरूले टायर जिल्लाको जबल अल-बटुम सहरमा आक्रमण गरेको तथा बिन्ट जेबिलमा भारी मेसिन गनहरू प्रहार गरेको जनाइएको छ।

लेबनानको स्वास्थ्य मन्त्रालयले दक्षिणी लेबनानमा इजरायली हवाई आक्रमणमा चार जनाको मृत्यु हुनुका साथै ५१ जना घाइते भएको घोषणा गरेको छ। दक्षिणी लेबनानमा आक्रमण जारी राखेर, इजरायली इकाईले अप्रिल- १६ मा लागु भएको १० दिने युद्धविरामको उल्लङ्घन गरिरहेको छ।

# पत्रकार महासंघद्वारा सरकारी परिपत्रको अवज्ञा गर्न आग्रह



**दैनिक समाचारदाता**
**राजविराज, १५ बैशाख ।**

नेपाल पत्रकार महासंघ सप्तरीले तीनै तहका सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने सरकारी परिपत्र अवज्ञा गर्न आग्रह गरेको छ ।

सरकारको उक्त निर्णय फिर्ताको माग गर्दै नेपाल पत्रकार महासंघको सरकार विरुद्ध देशव्यापी अभियान अन्तर्गत मंगलबार स्थानीय सरकार प्रमुखलाई ज्ञापनपत्र बुझाउँदै महासंघले यस्तो आग्रह गरेको हो ।

नेपाल सरकारले सरकारी विज्ञापन सरकारी मिडियामा मात्रै प्रकाशन गर्न २०८२ चैत १८ गते गरेको परिपत्र मान्य नहुने भन्दै पत्रकार महासंघले देशव्यापी रुपमा सरकारलाई ज्ञापनपत्र बुझाएको छ ।

सरकार विरुद्धको देशव्यापी अभियान अन्तर्गत जिल्ला समन्वय समितिमार्फत सप्तरीका १८ वटै नगरपालिका र गाउँपालिकालाई ज्ञापनपत्र बुझाउँदै महासंघले केन्द्र सरकारको निर्णय अवज्ञा गर्न जोडदार माग गरेको छ ।

नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव नेतृत्वमा पुगेको सप्तरीका पत्रकारहरुले जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साहलाई ज्ञापनपत्र बुझाउँदै सप्तरीका १८ वटै स्थानीय तहलाई स्थानीय स्तरबाट प्रकाशित मिडियाहरुलाई मात्र विज्ञापन दिन आग्रह गरिएको छ ।

संघीय सरकारको यस्तो परिपत्रले अहोरात्र खटिने संचारकर्मीहरु पीडामा परेको बताइएको ज्ञापनपत्रमा पत्रकारिता गर्दा विज्ञापन भरमा बाँच्ने पत्रकारहरुलाई आर्थिक नाकाबन्दी गर्ने हिसाबले संघीय सरकारले यस्तो परिपत्र गर्दा सम्पूर्ण पत्रकार जगत स्तब्ध भएको र यसले प्रेस स्वतन्त्रको ठाडो उल्लंघन गरेको ठहर गरिएको ज्ञापनपत्रमा उल्लेख छ ।

लोकतन्त्र प्राप्तिदेखि हरेक अधिकार प्राप्तिको आन्दोलनमा सप्तरीका पत्रकारहरु अग्रपंक्तिमा रहेर रिपोर्टिङ गर्दै आएको स्मरण गराइएको ज्ञापनपत्रमा पालिकाको हरेक गतिविधिसहित विकासीय मामिलामा समेत पत्रकारहरु नियमित रिपोर्टिङ गर्दै आएको भन्दै लोकतन्त्रको रक्षाका लागि मिडियालाई सुरक्षित राख्नु पर्नेमा जोड दिइएको छ ।

पत्रकारिता लोकतन्त्रको मेरुदण्ड भएको उल्लेख गर्दै ज्ञापनपत्रमा लोकतन्त्र कमजोर हुँदा हामी सबै धरासायी हुन्छौं भन्दै सचेत समेत गराइएको छ । तपाईहरु स्थानीय सरकारको प्रमुख हुनुहुन्छ र संघीय सरकारले दिएको पिडामा मलम लगाउने काम तपाईंहरुबाट सम्भव भएको उल्लेख गर्दै ज्ञापनपत्रमा याहाँहरुको पालिकामा उत्पादन हुने सम्पूर्ण विज्ञापन सप्तरीकै मिडियालाई उपलब्ध गराउन हार्दिक अनुरोध समेत गरिएको छ ।

"सप्तरीको पत्रकार र पत्रकारिता जोगाउन यहाँहरु गम्भीर भएर यसमा चासो दिनुहुन्छ भन्ने अपेक्षा हामीले राखेका छौं" महासंघले स्थानीय सरकारलाई बुझाएको ज्ञापनपत्रमा विश्वास गरिएको छ ।

जिल्ला समन्वय समिति सप्तरीका प्रमुख साहले पत्रकारहरुले राखेको माग जायज भएको बताउँदै पत्रकार महासंघले बुझाएको ज्ञापनपत्र तुरुन्तै पालिका पठाएर उठेको माग सम्बोधनका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# वीरगञ्ज नाका हुँदै तीन अर्बको विद्युतीय सवारीसाधन आयात

पर्सा, १५ बैशाख (रासस) ।

चालु आर्थिक वर्षको नौ महिनामा वीरगञ्ज नाका हुँदै दुई अर्ब ९८ करोड रुपैयाँको विद्युतीय सवारीसाधन आयात गरिएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आवमा विद्युतीय सवारीसाधन १०२ प्रतिशत अर्थात् एक अर्ब ५० करोड रुपैयाँ बढीको आयात भएको हो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आर्थिक वर्षको नौ महिनामा विद्युतीय सवारीसाधन आयात शतप्रतिशतले वृद्धि भएको बताउनुभयो । गत आवको नौ महिनामा एक अर्ब ४८ करोड रुपैयाँको विद्युतीय सवारीसाधन आयात भएको थियो ।

चालु आवको नौ महिनामा एक अर्ब ४६ करोड रुपैयाँको ४९३ वटा विद्युतीय जिप, कार र भ्यान आयात भएको छ । गत आवको सोही अवधिमा ४८ करोड रुपैयाँको १७२ वटा विद्युतीय जिप, कार र भ्यान आयात भएको थियो ।

चालु आवमा ९६ करोड रुपैयाँको सात हजार ३९८ वटा विद्युतीय मोटरसाइकल आयात भएको छ । गत आवको सोही अवधिमा ५५ करोड रुपैयाँको चार हजार २२७ विद्युतीय मोटरसाइकल आयात भएको थियो ।

त्यसैगरी चालु आवको नौ महिनामा ५३ करोड रुपैयाँको चार हजार ६०६ वटा विद्युतीय तीन पाङ्ग्रे सवारीसाधन आयात भएको छ । गत आवको सोही अवधिमा ४५ करोड रुपैयाँको तीन हजार ६१३ वटा विद्युतीय तीन पाङ्ग्रे सवारी आयात भएको थियो ।

# निजामती विधेयकको मस्यौदामाथि तीन हजार पाँच सय सुझाव

काठमाडौं, १५ बैशाख (रासस) ।

सङ्घीय शासन प्रणालीलाई सुदृढ र संस्थागत गर्नका लागि तर्जुमा गरिएको सङ्घीय निजामती सेवा विधेयकको प्रारम्भिक मस्यौदामाथि सोमबारसम्म तीन हजार ५०० भन्दाबढी राय, सुझाव तथा पृष्ठपोषण प्राप्त भएका छन् ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सोमबार एक सूचना जारी गरी यसका अतिरिक्त विभिन्न सामाजिक सञ्जालमा व्यक्त भएका सुझाव र प्रतिक्रियासमेत सङ्कलन तथा विश्लेषण गरिरहेको जानकारी गराएको हो । सरोकार भएका निकाय, राष्ट्रसेवक कर्मचारी र आमनागरिकको जानकारी तथा पृष्ठपोषणका लागि यही वैशाख ११ गते मन्त्रालयको आधिकारिक वेबसाइटमा उक्त मस्यौदा प्रकाशन गरेको थियो ।

विधेयकलाई थप प्रभावकारी बनाउन प्राप्त सुझावलाई व्यवस्थित रूपमा सङ्कलन, अध्ययन तथा विश्लेषण गर्न मन्त्रालयले त्यसका लागि प्रशासन सुधार महाशाखा प्रमुखको संयोजकत्वमा एक कार्यसमूह गठन गरी अध्ययन विश्लेषणको कार्य भइरहेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले सूचनामा भनेको छ, "मन्त्रालयद्वारा सार्वजनिक विधेयकको मस्यौदा प्रारम्भिक मस्यौदा भएकाले यसमा सुधारका धेरै क्षेत्रहरू रहेका विषयमा मन्त्रालय अवगत छ । अतः मस्यौदालाई अन्तिम रूप दिनुपूर्व सरोकार भएका निकायबाट प्राप्त सुझाव अध्ययन गरी उपयुक्तता र औचित्यका आधारमा समावेश गरिने विषयमा सम्बद्ध सबैलाई आश्वस्त हुनसमेत अनुरोध छ ।"

मन्त्रालयले यसअघि उपलब्ध गराएको सुझावका अतिरिक्त अध्ययन कार्यसमूहको इमेल तथा ह्वाट्एप नम्बरमार्फत आफ्ना रायसुझाव र पृष्ठपोषण पठाउन पनि अनुरोध गरेको छ ।

# राष्ट्रिय सहमतिमा नै संविधान संशोधन हुन्छ : संयोजक शाह

काठमाडौं, १५ बैशाख (रासस) ।

संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलका संयोजक असिम शाहले सरकारले एकलौटी ढङ्गले संविधान संशोधन गर्न लागेको भन्ने धारणा गलत भएको बताउँदै यस्ता भनाइहरूमा कुनै आशङ्का नगर्न आग्रह गर्नुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार आयोजित संविधानविद् तथा कानुनविद्हरूसँगको परामर्श बैठकमा संयोजक शाहले पछिल्लो समयमा बाहिर आइरहेको यो भ्रमलाई चिर्दै सबै राजनीतिक दल तथा सरोकारवालाहरूसँगको बृहत् परामर्शबाट नै संविधान संशोधन हुने स्पष्ट गर्नुभएको हो ।

उहाँले सरकारको १०० दिने कार्ययोजनाअनुरूप नै संविधान संशोधनका लागि बहसपत्र तयार गर्न उक्त कार्यदल गठन गरिएको पनि स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "वर्तमान संविधानको संशोधन कुनै एउटा राजनीतिक दल वा सरकारको मात्र इच्छाले नभई पूर्णतः राष्ट्रिय सहमतिको आधारमा मात्र सम्भव हुने साझा विषय हो । हामीले तयार पार्ने बहसपत्रमा बृहत् छलफल र बहस हुन्छ र सबैको सहमतिको दस्तावेज तयार भएपछि मात्र संविधान संशोधन हुने हो ।"

उहाँले आफ्नो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले वाचापत्रमै संविधान संशोधनको मुद्दालाई प्राथमिकता दिएको बताउँदै आगामी १५-२० दिनभित्र सरोकारवालाहरूसँग बृहत् छलफल गरी तयार पारिने प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाइने बताउनुभयो ।

छलफलका क्रममा कार्यदलका सदस्य सचिव लिलाधर सुवेदीले संशोधनका लागि पहिचान गरिएका मुख्य विषयवस्तुहरू प्रस्तुत गर्नुभएको थियो ।

सोही अवसरमा संविधानविद् पूर्णमान शाक्यले संविधानको आधारभूत संरचना प्रतिकूल नहुने गरी मात्र संशोधन गरिनुपर्नेमा जोड दिनुभयो भने अर्का संविधानविद् डा विपिन अधिकारीले देशमा पूर्ण संसदीय व्यवस्था सुदृढ गर्दै प्रधानमन्त्रीलाई संसद् विघटन गर्ने विशेषाधिकार दिनु राजनीतिक स्थिरताका लागि उपयुक्त हुने तर्क राख्नुभयो ।

त्यस्तै वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले संविधान नागरिक र राज्यलाई जोड्ने सेतु भएकाले पर्याप्त राष्ट्रिय विमर्शमार्फत मात्र यसलाई परिमार्जन गर्न सुझाव दिनुभयो ।

वरिष्ठ अधिवक्ता गोविन्द शर्मा 'वन्दी' ले न्यायपालिकालाई राजनीतिक प्रभावबाट मुक्त राख्न न्याय परिषद्को पुनःसंरचना गर्दै त्यहाँबाट कानुनमन्त्री र नेपाल बार एसोसिएसनको प्रतिनिधित्व हटाउनुपर्ने धारणा राख्नुभयो ।

अर्का वरिष्ठ अधिवक्ता शम्भु थापाले बहसका एजेन्डाहरूलाई संसद्ले स्वामित्व लिने गरी विश्वसनीय ढङ्गले अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो भने कानुनविद् मीरा ढुङ्गानाले संविधानमा महिला अधिकारका प्रावधानहरूलाई थप स्पष्ट पार्दै राज्यका हरेक तहमा लैङ्गिक सहभागिता सुनिश्चित गरिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

### 'मधेसमा सञ्चार ...

पत्रकारिता थप जिम्मेवार र उत्तरदायी बन्नुपर्नेमा जोड दिए ।

त्यसैगरी, आमसञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष जितेन्द्र खड्गाले प्रदेशमा सञ्चार क्षेत्रलाई व्यवस्थित, मर्यादित र व्यावसायिक बनाउन प्राधिकरण सक्रिय रूपमा लागेको जानकारी दिए । उनले प्रशिक्षक उत्पादनमार्फत दीर्घकालीन रूपमा सञ्चार क्षेत्रको गुणस्तर सुधार गर्ने लक्ष्य लिइएको स्पष्ट पारे ।

तीन दिनसम्म सञ्चालन हुने सो तालिममा विभिन्न जिल्लाबाट सहभागी सञ्चारकर्मी तथा सम्बन्धित क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहेको आयोजकले जनाएको छ । कार्यक्रममा सञ्चार नीति, सूचना व्यवस्थापन, तथ्य जाँच (फ्याक्टचेक), डिजिटल मिडिया प्रयोग तथा प्रशिक्षकका रूपमा दक्षता विकाससम्बन्धी विषयमा प्रशिक्षण हुनेछ ।

### लागुऔषधसहित ...

वर्षिय रोशन कुमार ठाकुर छन् ।

जिल्लाको बलानविहुल गाउँपालिका ४ बेल्हीस्थित भित्रि सडक खण्डमा भारतबाट नेपाल तर्फ आउदै गरेको म.प्र.०१-००४ प.४९३५ नं.को मोटरसाइकललाई चेकजाच गर्ने क्रममा उक्त लागुऔषध र भन्सार छलेका सामानहरु बरामद गरिएको हो ।

प्रहरीका अनुसार ठाकुरले चलाईरहेको उक्त मोटरसाइकललाई प्रहरीले शंका लागि चेकजाच गर्दा बिभिन्न किसिमका लागुऔषध बरामद भएको हो ।

बरामद गरिएका लागुऔषधहरुमा फेन्सिडेल डिएक्स १० थान, फ्लोमोन्ट सिरप ५ थान, सुमो ५ थान, क्लोबेटा जिएम ५ थान, न्यूरोबिएन फोरटे २ पत्ता, एरिस्कोमोक्स २ पत्ता, टाइजेन २ पत्ता तथा एक थान मोबाइल रहेको छ ।

पक्राउ परेका ठाकुरमाथी थपअनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति २०८३/१/१५

विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमाबन्दी श्रेस्ता बमोजिम रैती न.डम्बर लाल भगत कलवारनामामा कायम रहेका साबिक प्रगन्ना जगदम्बैजे भटनिया गा.कि.नं. १९३को ज.वि. ०-८-५ गा.कि.नं. १९८को ज.वि. ३-१-११ समेत र.न.१५२९ मिति २०२३/७/२९ मा जगदम्बा देवी कलवारनीले खरिद गरी लिएको जग्गा सर्वे नापी हुदा नदीमा पर्ने गएको जिल्ला सप्तरी गा.वि.स.तेरहौता वडा न.९क कि.न.१४८/२८६ को २-९-१६ जी हाल नदी उकास भएको से जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाऊँ भनी जिल्ला सप्तरी गा.वि.स. दिप्लापाई नं.४ हाल राजविराज न.पा. वडा नं. १० बस्ने किसुन प्रसाद भगत को नाति सर्युग प्रसाद भगत निवेदिका जगदम्बा देवीको छोरा गजेन्द्र प्रसाद भगत कलवार र रवेन्द्र कुमार भगत को यस कार्यालयमा द.नं. १५८०६ मिति २०८२/८/१० गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्ने मिति २०८३/१/७ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार/सार्वजनिक सामुदायिक डगर बाटो ऐलानी प्रति गौचर समसानघाट पैनी पौवा पार्क हाटमेला लाग्ने ठाउँ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा प्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारबाही गै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | डम्बर लाल भगत कलवार | तेरहौता | ९क | १४८/२८६ | २-९-१६ | गजेन्द्र प्रसाद भगत कलवार समेत | यो जग्गा फिल्ड बुक खाली |

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np